काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रूपमा स्वीकार गरिएको छ। सूचनाको हकसम्बन्धी कानून २०६४ साल भदौ ३ गते देखि कार्यान्वयनमा आएको हुँदा यसै दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउन थालिएको र आज हामी १६ औं राष्ट्रिय सूचना दिवस मनाउँदै छौं।

लोकतन्त्रको संस्थागत विकास तथा सुशासनको प्रवर्द्धनका निम्ति राज्यको कामकारवाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ। नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ। सही सूचनाको प्रवाहद्वारा मात्र शासनव्यवस्थाप्रति नागरिक सहभागिता बढ्न गई शासनव्यवस्थाले वैधता प्राप्त गर्दछ।

नेपालको संविधानले नेपाली नागरिकलाई प्रदान गरेको सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने र पाउने हक स्थापित गरेको छ। लोकतान्त्रिक शासन पद्धतिमा सार्वजनिक निकायहरू नागरिकप्रति जवाफदेहि, उत्तरदायी र पारदर्शी हुन आवश्यक छ। जवाफदेहिता, उत्तरदायी र पारदर्शी क्रियाकलापबाट मात्र देशमा सुशासन कायम गर्न सहयोग पुग्दछ। नेपाल सरकारको सुशासनयुक्त देश बनाउने लक्ष्यमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनले महत्वपूर्ण योगदान पुऱ्याउँदछ। तसर्थ, सूचनाको हकको कार्यान्वयनका लागि नेपाल सरकार लगायत सबै सार्वजनिक निकायलाई थप जिम्मेवार भएर लाग्न आह्वान गर्दछु।

राष्ट्रिय सूचना आयोगले यस अवधिमा सूचनाको हक कार्यान्वयनका लागि महत्वपूर्ण कार्यहरू सम्पादन गरेको छ। सूचनाको हकजस्तो महत्वपूर्ण नागरिक हकलाई आगामी दिनमा थप प्रभावकारी बन्न यस दिवसले प्रेरणा प्रदान गरोस्। सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिवद्धता व्यक्त गर्दै सबैमा पुनः एकपटक शुभकामना व्यक्त गर्दछु।

**जय नेपाल।**

३ भदौ, २०७९

शेरबहादुर देउवा